यौन दुराचार
जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट
सजग र सचेत रहौं,
आफु पनि बचौं र अरुलाई
पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ९ अंक १२२ | ६ मङ्सिर २०८० बुधबार | 22 Novemer 2023 Wednesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## भूकम्पको क्षतिको
# विवरण सङ्कलन गर्न पालिकालाई निर्देशन

कपिलवस्तु ५ मंशिर

जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले भूकम्पबाट क्षति भएका भौतिक संरचनाको पूर्ण विवरण यही मङ्सिर ७ भित्र पठाउन पालिकाहरुलाई निर्देशन दिएको छ । बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंह सहभागी हुनुहुन्थ्यो ।

बस्न मिल्ने र नमिल्ने घरको वर्गीकरण गरेर पालिकाको विपद् व्यवस्थापन समितिबाट निर्णय गराइ प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्न बैठकले निर्देशन गरेको हो । अहिले पठाएको विवरण स्पष्ट नभएको जनाउँदै बैठकले पूर्ण विवरण पठाउन पालिकालाई आग्रह गरिएको हो । यसैगरी सरकारी कार्यालयको क्षतिको विषयमा सरकारी कार्यालयलाई नै विवरण पठाउन आग्रह गरिएको छ ।

अस्थायी टहरा निर्माण गरी विद्यालय सञ्चालन गरिएको छ । बस्न नमिल्ने घरका लागि मात्र अस्थायी आवास निर्माण गर्न रकम दिइने छ । त्यस्तै, मङ्सिरभित्र खाद्यान्न जम्मा गर्न र प्रभावित क्षेत्रमा तुरुन्तै मेडिकल टिम परिचालन गर्नसमेत आग्रह गरिएको छ ।

भूकम्प प्रभावितलाई अस्थायी आवासका लागि ५० हजार रुपैयाँ

संघीय सरकारले भूकम्पबाट क्षति भएका क्षेत्रमा तत्काल अस्थायी आवास निर्माण गर्न प्रतिपरिवार ५० हजार रुपैयाँ दिने निर्णय गरे पनि रकम अझै स्थानीय पालिकाको खातामा जम्मा छैन । यो रकम पालिकाको खातामा जम्मा हुनका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयमा खाता नम्बर पठाएर निकासा लिन



अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिनुभयो । प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि अनुदान दिन कार्यविधि तयार गरेर स्वीकृत गरेर तत्काल यही महिनाभित्र काम पूरा गर्ने लक्ष्य सरकारको छ ।

कार्यविधि तत्काल कार्यान्वयनमा लगेर भूकम्प प्रभावितलाई अनुदान उपलब्ध गराइने भनिए पनि यो रकम पाउन अझै केही समय लाग्ने देखिन्छ । गएको कात्तिक २६ गते कार्यविधि स्वीकृत भए पनि अहिलेसम्म जिल्ला विपद् समितिको खातामा बजेट जम्मा नभएको जनाइएको छ । दिनप्रतिदिन चिसो बढ्दै जाँदा त्रिपालमा रहेका नागरिक बिरामी हुने र ज्यान गुमाउने क्रममा जारी छ । चिसोका कारण अहिलेसम्म जाजरकोटमा मात्रै ११ जनाको ज्यान गएको छ ।

सङ्घीय सरकारले बनाएको कार्यविधिमा भूकम्पका कारण निजी आवास पूर्णरूपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अनुदान दिइने उल्लेख छ । तर भूकम्प गएका बखत एउटै आवासमा बसोबास गरिआएका जतिसुकै परिवार भए पनि ती सबैलाई एउटै परिवार मानी एउटामात्र अस्थायी आवास लाभग्राही कायम गरिने कार्यविधिमा उल्लेख छ । कार्यविधिअनुसार काम गर्न अझ समय लाग्ने देखिन्छ ।

अस्थायी आवास निर्माणसम्बन्धी सम्झौतापछि पहिलो किस्ताबापतको रकम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले सम्बन्धित पालिकामार्फत लाभग्राहीको बैंक खातामा उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार अस्थायी आवासको पहिलो किस्ता रकम २५ हजार रुपैयाँ लिएपछि निर्माण सुरु गर्नुपर्नेछ । यस्तै, छाना छाउनुअघि वा निर्माण सम्पन्न गरी लाभग्राहीले दोस्रो किस्ताका लागि निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । लाभग्राही सम्झौताका लागि स्वयं उपस्थित हुन नसकेको अवस्थामा मञ्जुरीनामामार्फत अस्थायी आवास निर्माण सम्झौता गराउन सक्ने पनि कार्यविधिमा उल्लेख छ । यस्तै, लाभग्राहीलाई अस्थायी आवास निर्माण सहयोग रकम बैंक खातामार्फत नै उपलब्ध गराइने अनिवार्य व्यवस्था पनि कार्यविधिमा गरिएको छ ।

कार्यविधिअनुसार क्षतिको विवरण पुनः अद्यावधिक गर्नुपर्ने भएकाले अनुदान वितरणमा केही समय लाग्ने जनाइएको छ । जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र शर्मा संघीय सरकारले दिने अनुदान वितरण गर्न अझै केही समय लाग्ने बताउनुभयो ।

शनिवार बसेको विपद् व्यवस्थापन समितिको बैठकले कार्यविधिमा तोकिएको ढाँचाअनुसार र स्थानीय स्रोतसाधनको प्रयोगलाई ठाउँ दिने, तोकिएको साइजमा नघट्ने गरी, पीडितले चाहेमा आकारमा वृद्धि गर्न सक्ने गरी बनाउन दिने भन्ने निर्णय भएको छ ।

कार्यविधिमा तोकिएअनुसार क्षतिग्रस्त संरचनाको पुनः विवरण अद्यावधि गर्नुपर्ने हुन्छ । त्यसका लागि जाजरकोटमा एकीकृत सर्वेक्षणको काम पुनः थालिएको उहाँले बताउनुभयो । नेपाल रेडक्रस सोसाइटीको स्वयंसेवक मार्फत विवरण सङ्कलन भइरहेको र अबको सात दिनभित्र तथ्याङ्क सङ्कलन सकेर पेस गर्ने गरी निर्देशन दिइएको जानकारी पनि उहाँले दिनुभयो । यसअघि प्रारम्भिक क्षति विवरणअनुसार आंशिक र पूर्ण गरी जाजरकोटमा करिब ३४ हजार घर क्षतिग्रस्त अवस्थामा छन् । जसमा

(बाँकी ३ पेजमा>>>

## कपिलवस्तु महोत्सव :
# ५० प्रतिशत स्टल बुकिङ्ग




कपिलवस्तु ५ मंशिर

कपिलवस्तु चारनम्बर स्थित बाणगंगा वेयलफेयर सोसाइटीको आयोजनामा हुने १४ औं कपिलवस्तु महोत्सव कृषि पर्यटन तथा औद्योगिक प्रदर्शनी-२०८० को लागि स्टल बुकिङ्गको कार्यले तीव्रता पाएको छ ।

यही मंसिर २१ गतेदेखि पुष १ गतेसम्म आयोजना १४ औं कपिलवस्तु महोत्सव एवम् कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनीमा स्टल बुकिङ्ग तीव्र पारिएको र ५० प्रतिशत स्टल बुकिङ्ग भइसकेको स्टल संयोजक मिन थापाले बताए ।

'युवा स्वरोजगारको बलियो आधार उद्योग पर्यटन र कृषि क्षेत्रको प्रचार प्रसार र प्रवर्द्धनमा प्रोत्साहन' भन्ने नाराका साथ महोत्सव बाणगंगा ४ स्थित बुद्धरंगशालामा हुँदैं छ ।

स्टल निर्माणको काम धमाधम हुँदै गरेको र बुकिङ्गको काम धमाधम भईरहेको स्टल संयोजक थापाले जानकारी दिए ।

औद्योगिक तथा व्यवसायिक वस्तु तथा सेवाहरुको विक्रि तथा प्रवर्द्धनको उद्देश्य राखि स्टल बुकिङ्गको काम भईरहेको उनले बताए ।

स्टलमा विशेष गरि स्थानीय उत्पादनलाई प्राथमिकता दिइने उनले बताए । थापाले महोत्सवमा तीन सय बढी स्टल रहने जसमध्ये व्यवसायिक १ सय ८०, कृषिका स्टल २० बढी, घरेलुका स्टल ५० बढी र विभिन्न प्रदर्शनका स्टल ५० बढी राखिने बताए ।

थापाले महोत्सब नाफा मात्रै कमाउने थलोको रुपमा नभएर स्थानिय उत्पादलाई प्रोत्साहन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताए । उनले संकटमा परेको यस क्षेत्रको अर्थतन्त्रलाई उकास्न महोत्सव महत्वपूर्ण सावित हुने दाबी गरे ।

यस क्षेत्रको समग्र पहिचान झल्किने गरि महोत्सव स्थलमा पुरातात्विक सम्पदा, धार्मिक, पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने गरि स्टलहरुको काम भईरहेको थापाले बताए ।

# भुकम्प प्रभावित क्षेत्रमा अध्यक्ष शर्मा



कपिलवस्तु ५ मंशिर

नेकपा (एमाले) कपिलवस्तुका जिल्ला अध्यक्ष डम्मर शर्माको नेतृत्वको टोली भुकम्प प्रभावित क्षेत्र रुकुम पश्चिम प्रस्तान गरेको छ । एमाले जिल्ला अध्यक्ष डम्मर शर्माको नेतृत्वको २० सदस्यि स्वयमसेवक टोलीले भुकम्प प्रभावित क्षेत्र आठविसकोट बस्तीमा पुगी १० दिन सम्म अस्थायी घर, टहरा पुनःनिर्माण गरी हस्तान्तरण सम्मको कार्य गर्ने एमाले जिल्ला अध्यक्ष डम्मर शर्माले बताउनु भयो । टोलीले बन्दोबस्तीका सामाग्री सहित भुकम्प प्रभावित क्षेत्रमा प्रस्तान गरेको हो । एमाले रुपन्देहीको स्वयम सेवक टोली समेत भुकम्प प्रभावित क्षेत्रमा आजै प्रस्थान गरेको छ ।

टोलीलाई एमाले केन्द्रिय सदस्य गिरधारीलाल न्यौपाने, एमाले जिल्ला उपाध्यक्ष विश्राम प्रसाद थारु लगायतका नेताहरुले टिका तथा खादा लगाई विदाई गरेको थियो ।

टोलीलाई विदाईका निम्ति लुम्बिनी प्रदेश सभा सदस्य अर्जुन कुमार केसी, एमाले जिल्ला सचिव सिवि गहतराज, पिताम्बर खनाल, टोपलाल पोखेल, जगत पौडेल लगायतका नेता तथा कार्यकर्ताको उपस्थिती रहेको एमाले जिल्ला प्रचार तथा प्रकाशन विभाग प्रमुख लक्ष्मण बेल्बासेले जानकारी दिनु भयो ।

स्वयम सेवक टोलीमा एमाले जिल्ला उपसचिव शुसिला दरलामी, एमाले नेता हिरालाल पौडेल, विष्णु गौतम, थर्क बहादुर गाहा, युवासंघका जिल्ला अध्यक्ष कमल क्षेत्री, युवा नेता प्रकज पाण्डे लगायत टोलीमा सहभागि रहेको एमाले कपिलवस्तुले जनाएको छ ।

# देउसी भैलोको रकम भुकम्प पिडितलाई

भालुवाङ ५ मंसिर

दाङका दुई मिडियाले सञ्चालन गरेको देउसी भैलोको रकम भुकम्प पिडितलाई सहयोग गरेका छन् ।

राप्ती गाउँपालिका क्षेत्रबाट सञ्चालित देउखुरी टुडे डटकमको आयोजना एवम् दंगाली खवर अनलाइनको सह- आयोजनामा गत कार्तिक २६ गते देखि मंसिर १ गते सम्म सञ्चालित देउसी भैलोबाट संकलित कुल रकम मध्येबाट खर्च कटाएर वचन आएको रकम मध्ये नगद १२ हजार रूपैयाँ भुकम्प पिडितका लागि र



गन्तव्य सम्म पुग्नका लागि ३० लिटर इन्धन सहयोग गरेका छन् ।

राप्ती गाउँपालिका चेम्बर अफ कमर्स र देउखुरी टुडे डटकमको संयुक्त टोली भुकम्प प्रभावित क्षेत्रमा मंगलबार बेलुका जान लागेकाले सो रकम र इन्धन राप्ती गाउँपालिका ५ नम्बर वडा कार्यालयमा एक कार्यक्रमका बीच वडा अध्यक्ष देवप्रसाद चौधरीको रोहबरमा देउखुरी टुडे डटकमका अध्यक्ष तथा प्रधान सम्पादक सन्तोष कुमार गुप्ता र कार्यकारी सम्पादक ओमप्रकाश गुप्ताले चेम्बरका अध्यक्ष नेमलाल बेल्वासे तथा संस्थापक अध्यक्ष कुमार अधिकारीलाई हस्तान्तरण गरेका छन् ।

# सम्पादकीय

## सकारात्मक सन्देश

'असल कामको अनुकरण र स्पर्धा सधैं उत्तम कुरा हो । विश्व र गगनले भूकम्प पीडितलाई अस्थायी टहरा बनाउन हात बढाएको देखेर एमाले र माकेका युवाहरु टहरा बनाउन लाइन लागेछन् । कुशासन र भ्रष्टाचारमा स्पर्धा गर्नुभन्दा त यस्ता कल्याणकारी काममा स्पर्धा गर्नु पो राम्रो । यी युवालाई मेरो सलाम ! - खगेन्द्र संग्रौला

टिप्पणीकार संग्रौलालाई गाली शिरोमणिका नामले प्रचार गर्नेहरुको अभाव छैन सञ्जालमा । तर आज उनैले समेत सलाम ठोक्ने दिन आउनु सानो विषय मान्न सकिदैन । राम्रो कामलाई त जो सुकैले सलाम गर्छ, सम्मान दिन्छ, स्याब्बास् भन्छ । भन्छौं हामीले पनि ।

जाजरकोट र पश्चिम रुकुममा भूकम्पले गर्दा विचल्लीमा परेका परिवारलाई सघाउन, अस्थायी आवास बनाउन र चिसोबाट बँचाउन राजनीतिक दलहरुले स्वयंसेवक खटाउनु स्वागतयोग्य छ । कस्ले पहिले खटायो र पठायो, को अघि र को पछि पऱ्यो, नहेरियोस् त्यता । कस्ले के गऱ्यो र गरेन जनताले आफै हिसाव किताव राख्छन् । तिहारमा पनि घर नफर्केर, पीडितसंगै बसेर उपचारमा खटिएकी डा. तोषिमा कार्की र उनका नेता रवि लामिछानेले अस्पताललाई उपकरण उपलब्ध गराउन जे भूमिका खेले, स्तुत्य छ त्यो पनि । गफ गर्नु भन्दा कामै गरेर देखाउने जो कोही होस्, तिनीहरुको तारिफ हुन्छ नै । एमाले, कांग्रेस र माओवादीले जे भनेका छन्, त्यो गरुन् । जनताबाट पनि स्याबासी पाउन् । डाहा र इर्स्या गरेर हुँदैन कसैले, भनेजस्तो काम गरेर जनताको मन जितुन् सवैले ।

बाढी, पहिरो, डुबान, महामारी, लू, शीतलहरका समयमा पनि यस्तै तरिकाले उद्दार र उपकार गरेका भए, विदेशी दाताबाट आएका अनुदानमा हात नलम्काएका भए, दल र गुटको स्वार्थ नहेरेका भए जनताबाट दलहरुप्रति घृणा र नेताहरुप्रति बिरोधका स्वर सुन्नै पर्दैनथ्यो । दल र नेतालाई देखेर श्राप दिन भन्दा सम्मान गर्न प्रतिस्पर्धा चल्थ्यो । हुन त अझै पनि १०० र ५० किलोका माला लगाइदिने लकिरका फकिरको कमी छैन । स्वार्थ पुरा गर्न गरिने त्यस्ता कार्य जनस्तरबाट स्वीकार्य हुन सकेनन् । माफिया र विचौलियाले गरेका हुन् ती । साँच्चैका जनताको रोजाई त नेताहरु माफिया, बिचौलिया, तस्कर र दुष्टका हितकारी नबनुन् । नजप्रिय बनुन्, जनताकै भलोमा रमुन् । कुनै दाग नलागोस्, निर्मल र निष्कपट रहुन् भन्ने हो । चुनावका बेलामा मात्रै जनता सम्झने, अरु बेलामा विचौलिया र माफियासंगै रमाउने गर्नाले बदनाम बन्न परेको त हो नि !

कुन पार्टीका दस्ताले कति सघाए र कति टहरा बनाए भन्ने कुरा अब समाचारमा पढेर हैन । जनताले आफै बताउने छन् । को त्यहाँ गएर पनि मालिक भएर, पीडितलाई नै कजाएर, जस जति आफैले लिने ध्याउन्नमा लाग्छन् र कस्ले साँच्चैको श्रम गर्छन् ? दुनियाले देख्ने छ । फोटो खिचाएर फेसबुकमा पोष्टेर स्याबासी बटुल्न भन्दा खटेर काममा डटेर देखाउन पर्ने बेला हो यो ।

# संक्रमणकालीन न्यायको अनन्त पर्खाइ



दुर्भाग्यवश, हाम्रो संक्रमणकालीन न्यायको विषय द्वन्द्वपीडितकेन्द्रित हुनुको साटो राजनीतिक लेनदेन र शक्तिकेन्द्रहरूको प्रभावबाट गिजोलिन पुगेको छ ।



मोहना अन्सारी

२०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौताको मूल उद्देश्य तत्कालीन नेकपा (माओवादी) लाई सशस्त्र द्वन्द्व त्यागेर शान्तिपूर्ण राजनीतिको बाटोमा अवतरण गराउनु र संविधानसभामार्फत देशको अग्रगामी वा प्रगतिशील रूपान्तरण गर्नु थियो। देशमा दिगो शान्ति स्थापनाका लागि सशस्त्र द्वन्द्वमा राज्य र विद्रोही पक्षद्वारा पीडित नागरिकलाई न्याय दिनुका साथै दण्डहीनताको अन्त्यमा सरकार, माओवादी र राजनीतिक दलहरूले प्रतिबद्धता व्यक्त गरेका थिए।

तर १७ वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितहरू न्यायको पर्खाइमै छन्। धेरै सरकार बदलिए, धेरै आयोग बने, धेरै पटक पीडितहरूका उजुरी संकलन गरिए, कांग्रेस, माओवादी, एमाले, मधेशवादी दलहरू निरन्तर सत्तामा पुगिरहे तर द्वन्द्वपीडितका लागि न्याय र दोषीउपर कारबाहीको प्रक्रिया अगाडि बढ्न सकेन।

न्यायको बाटो कठिन र महँगो हुन्छ भनेर द्वन्द्वपीडित र तिनका आफन्तजनलाई भुल्याउने प्रयास गर्न सकिन्छ तर न्यायका लागि १७ वर्षदेखि निरन्तर पर्खिरहेका मानिसहरूको पीडालाई उपेक्षा गर्नु भनेको शान्ति प्रक्रियाकै उपेक्षा हो। द्वन्द्वपीडितलाई न्याय नदिएसम्म शान्ति प्रक्रिया अपूर्ण रहन्छ र त्यसले द्वन्द्वको स्थायी समाधान गर्दैन। करिब डेढ दशकअघि शान्ति सम्झौतामा व्यक्त गरिएका प्रतिबद्धता पूरा गर्न सरकार र राजनीतिक दलहरूलाई केले रोकिरहेको छ ?

यसको जवाफ राजनीतिक दलहरूले नेपाली जनतालाई दिन सकिरहेका छैनन्। राजनीतिको गोलचक्करमा सबै दलले पालैपालो सरकारको नेतृत्व गरिसके तर द्वन्द्वपीडितहरूसँग गरिएका वाचाहरू जहाँको तहीं छन्। पीडित परिवारहरूको अवस्था पनि जस्ताको तस्तै छ।

सरकारी तामझामसहित विस्तृत शान्ति सम्झौताको १८ औं वार्षिकी मनाउँदा हामी सबैले घोत्लिनुपर्ने विषय हो- न्यायका लागि द्वन्द्वपीडितको कहालीलाग्दो पर्खाइ। पीडितले न्यायको पर्खाइमा बिताएका यति लामो कालखण्ड सामान्य कुरा होइन। द्वन्द्वपीडितले आफन्तजन गुमाएका छन्, बाँच्ने आधार गुमाएका छन् र आज न्यायका लागि संघर्षरत छन्।

भनिन्छ, विधिको शासन लोकतन्त्रको मेरुदण्ड हो। विधिको शासनको पालनाबाटै लोकतन्त्रको स्थायित्व, उन्नति र विकास हुन्छ। लोकतन्त्रमा व्यक्तिको होइन, विधिको शासन स्थापित गर्ने प्रयास गरिन्छ। त्यसैले लोकतन्त्रमा विश्वास गर्ने संस्थाहरूले कानुनी शासनको उपेक्षा गर्न सक्दैनन्।

आफूलाई विधिभन्दा माथि ठान्ने सोच लोकतान्त्रिक हुन सक्दैन। द्वन्द्वपीडितले गरेको विश्वास के हो भने, देशमा विधिको शासन छ र संक्रमणकालीन न्यायको परिकल्पनाले विधिको शासनमा स्थापित मूल्यमान्यता र सिद्धान्तभन्दा पर गएर न्याय निरूपण गर्दैन। त्यस्तो सोच र कार्य कुनै पनि राजनीतिक दल वा राज्यको निकायले अवलम्बन गर्नेछैन।

केही दिनअघि नेपाल भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको संसद्लाई सम्बोधन गर्दै शान्ति प्रक्रियाका बाँकी काममा सघाउन राष्ट्रसंघ तत्पर रहेको कुरा दोहोऱ्याएनन् मात्रै, राजनीतिक दलहरूलाई १७ वर्षपहिले गरेको शान्ति सम्झौताका बुँदाहरू अक्षरशः स्मरणसमेत गराए। गुटेरेसले पीडितलाई केन्द्रमा राखेर संक्रमणकालीन न्यायको विषय टुंग्याउन विशेष आग्रह गरे। दुर्भाग्यवश, हाम्रो संक्रमणकालीन न्यायको विषय द्वन्द्वपीडितकेन्द्रित हुनुको साटो राजनीतिक लेनदेन र शक्तिकेन्द्रहरूको प्रभावबाट गिजोलिन पुगेको छ। संक्रमणकालीन न्यायका आयोगहरूको गठन, निष्प्रभाविता र अन्तर्राष्ट्रिय अभ्यासविपरीत त्रुटिपूर्ण कानुन निर्माणका प्रयासहरूले यसको पुष्टि गर्छन्।

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएदेखि हालसम्म नेपाली राजनीतिमा धेरै प्रगतिहरू पनि भएका छन् जसको प्रशंसा गर्नुपर्छ। शान्ति प्रक्रियाको सुरुआतसँगै सेना समायोजन र हतियारको व्यवस्थापनसहित संविधानसभाको निर्वाचन सम्पन्न गर्नु आफैंमा कम चुनौतीपूर्ण थिएन।

दुई-दुई पटक संविधानसभाको निर्वाचन गरेर जटिल राजनीतिक संक्रमणबाट पार लगाउनु र एउटा लोकतान्त्रिक संविधान निर्माण गर्ने कार्य राजनीतिक दलहरूको अथक प्रयास र समझदारीबाटै सम्पन्न भएको हो जुन विस्तृत शान्ति सम्झौताको सफलता हो। द्वन्द्वग्रस्त अन्य देशमा शान्ति प्रक्रिया भंग भएर हिंसाको पुनरावृत्ति हुने गरेको अनुभवको परिप्रेक्ष्यमा नेपालको शान्ति प्रक्रियाको मौलिकता र राजनीतिक दलहरूले शान्ति प्रक्रियालाई लगातार ट्र्याकमा राख्न पाएको सफलताको राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा सराहना भएको छ।

पहिलो संविधानसभामा सबैभन्दा ठूलो दलका रूपमा निर्वाचित माओवादी पार्टीबाट देशको प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल 'प्रचण्ड' ले संयुक्त राष्ट्रसंघको महासभामा दण्डहीनता अन्त्य गर्नेबारे गरेको प्रतिबद्धता र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पैदा गरेको विश्वास आजसम्म कायमै छ। संयोगले उनी तेस्रो पटक प्रधानमन्त्री बनेका छन्। संक्रमणकालीन न्यायलाई अन्तर्राष्ट्रिय मान्यता र अभ्यासअनुसार निष्कर्षमा पुऱ्याएर शान्ति प्रक्रिया टुंग्याउने सम्भावना र अवसर उनलाई पुनः प्राप्त भएको छ।

यसका लागि पीडितहरूको कुरा सुनेर अगाडि बढ्ने आँट गर्न सक्नुपर्छ। संक्रमणकालीन न्याय प्रक्रियाका सबै चरण र तहमा द्वन्द्वपीडितको विश्वास आर्जन गर्नु अनिवार्य हुन्छ। जबसम्म पीडितहरूलाई पूर्ण रूपमा विश्वास दिलाउन सकिँदैन, तबसम्म शान्ति प्रक्रियाको अधुरो काम टुंगिँदैन भन्ने हेक्का राख्नु जरुरी छ।

हालै एउटा सार्वजनिक कार्यक्रममा बोल्दै प्रधानमन्त्री दाहालले 'शान्ति सम्झौता एउटा निष्ठाको दस्तावेज थियो, यसको निष्ठा र उचाइबारेमा हामीले युवा पुस्तालाई बताउँदै रूपान्तरण गर्नुपर्छ' भन्ने अभिव्यक्ति दिए। साँच्चै, नेपालको शान्ति प्रक्रिया एउटा गहन विषय हो र यसबारे नयाँ पुस्तालाई शिक्षित गर्नुपर्छ। द्वन्द्वपीडितको हकमा यो उनीहरूको आफ्नै जीवनको अनुभव हो। हिजोको सशस्त्र द्वन्द्वलाई नजिकबाट देखेका ती बालबालिका अहिले युवा भइसकेका छन् र आज पनि तिनका आँखाले आफ्ना बाबा, आमा वा आफन्त खोजिरहेका छन्। के यो खोज अनन्तकालसम्म रहन्छ वा यसको अन्त्य सम्भव छ ? सत्यतथ्य, न्याय र परिपूरणको काम किन पछाडि धकेलिँदै छ ?

न्यायका सन्दर्भमा धेरैले धेरै थरी कुरा गरे पनि समस्याको जरामा भने कोही पुग्न चाहिरहेका छैनन्। शान्ति प्रक्रियाको अधुरो काम तत्काल टुंग्याउन पाए हुन्थ्यो भन्ने सबैलाई भइरहेको छ तर त्यसका लागि चाहिने राजनीतिक इमानदारी र निष्पक्षता देखाउन राजनीतिक नेतृत्वले सकिरहेको छैन। उच्च पदस्थ कर्मचारी, विज्ञ र सल्लाहकारहरूले राजनीतिक नेतृत्वलाई बेखुसी पार्ने गरी कुरा राख्न सकेका छैनन्। प्रत्यक्ष र पारदर्शी ढंगले छलफल गर्नुभन्दा पर्दाको पछाडिबाट प्रभाव पार्ने पक्षहरूले संक्रमणकालीन न्यायलाई आफ्नो स्वार्थअनुसार टुंग्याउन खोज्नुले समस्याको समाधान हुँदैन।

हामीले के बिर्सनु हुँदैन भने, कुनै बेला हतियार उठाएरै राज्य कब्जा गर्छौं भन्ने एक पक्ष र यिनीहरूलाई सेना-प्रहरी लगाएर निमिट्यान्न पार्नुपर्छ भन्ने अर्को पक्षले आखिर सम्झौता गरेकै हुन्। यी दुवै पक्षबीच समझदारी भएपछि देशले ऐतिहासिक परिवर्तनहरू प्राप्त गरेको छ। त्यसकारण प्रमुख राजनीतिक दलहरूले समझदारी कायम गरी सरोकारवालाहरूलाई विश्वासमा लिएर अगाडि बढ्ने हो भने संक्रमणकालीन न्यायलाई सफलतापूर्वक टुंग्याउन नसकिने भने होइन।

शान्ति प्रक्रियाले केही गति लिँदालिँदै, २०६६ सालताका गृह मन्त्रालयले द्वन्द्वको समयमा भएका सम्पूर्ण घटनाका उजुरीहरूमाथि अनुसन्धान रोक्नका लागि ७५ वटै जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा गरेको पत्राचारबारे यहाँ उल्लेख गर्नु प्रासंगिक हुन्छ।

गृह मन्त्रालयको त्यो निर्देशनले गर्दा लामो समयसम्म अपराधको अनुसन्धान भएन र न्याय प्राप्तिको बाटोमा अवरोध भयो। त्यसले न्यायालयको नियमित न्याय सम्पादनको काममा बाधा मात्रै पुऱ्याएन, आम नागरिकको न्याय प्राप्तिको संविधानप्रदत्त अधिकारमाथि नै प्रत्यक्ष हस्तक्षेप भयो। द्वन्द्वकालीन अपराध र घटनासम्बन्धी उजुरीहरूको सत्यतथ्य अन्वेषण र अनुसन्धान 'संक्रमणकालीन न्यायिक संयन्त्र' ले गर्नेछ' सत्यतथ्य निर्क्योल गर्ने, न्याय र परिपूरण तथा संस्थागत सुधार गर्नेलगायतका काम त्यही संयन्त्रको मूल कार्य हुनेछ भनी जानकारी दिनु त्यो पत्राचारको उद्देश्य थियो।

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ, विश्वसनीय आधारबाट गरिएको संक्रमणकालीन न्यायको कामले भविष्यमा त्यस्ता घटना दोहोरिन नदिने सुनिश्चिततासमेत गर्ने गर्दछ।

संक्रमणकालीन न्याय प्रभावकारी ढंगले सम्पन्न गर्न अन्तर्राष्ट्रिय समुदायको सद्भाव र सहयोग पनि थियो। त्यस बेला नेपालमा संक्रमणकालीन न्यायको विषय यसरी लम्बिन्छ भन्ने कसैले अनुमान गरेको थिएन। सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरू विशेष प्रकृतिका र जटिल आयामका हुने भएकाले तिनलाई सम्बोधन गर्नका लागि संक्रमणकालीन न्यायिक संयन्त्रको स्थापना गर्ने र यो संयन्त्र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रहनेछ भनी विस्तृत शान्ति सम्झौतामा लेखिएकै छ।

यसबिना शान्ति सम्झौताले पूर्णता पाउनेछैन भन्ने कुरा राजनीतिक दलहरूले राम्ररी बुझेका छन् तर संक्रमणकालीन न्यायलाई सत्ता परिवर्तनको खेलका रूपमा मात्रै बुझेर दलहरूले महाभूल गर्दै छन् जुन भावी पुस्ताका लागि गतिलो सन्देश भने होइन।

न्याय प्राप्तिमा अस्वाभाविक ढिलाइ हुँदा घटनाका प्रमाणहरू लोप हुने, साक्षी हराउने, पीडित थाक्ने-गल्ने र पीडकले उन्मुक्ति पाउने भएकाले न्याय सम्पादनमा झन् कठिनाइ नै उत्पन्न हुनेछ।

द्वन्द्वपीडितको १७ वर्षको यो संघर्षप्रति कुनै पनि राजनीतिक दल न जवाफदेह देखिन्छ न त इमानदार नै। दण्डहीनताको निरन्तरतामा दलहरूबीच अनौठो सहकार्य देखिएको छ। एकातिर द्वन्द्वकालीन घटनाहरूप्रति जवाफदेही छैन, अर्कातिर अपराधमा संलग्नहरूलाई संरक्षण गर्न राजनीतिक दलहरूको समझदारी आम नागरिकको आँखाबाट पर छैन। जनता यस्ता धेरै राजनीतिक गोलमेच बैठकका साक्षी छन्। जसरी निरंकुश सामन्ती राज्यमा कानुनी शासनको अभाव थियो र भनसुनबाट राज्यका निकायहरूले काम गर्ने गर्थे, त्यसरी नै चलिरहेको छ। लोकतान्त्रिक राज्य व्यवस्थामा कानुनको शासनको अभाव हुनु हुँदैन।

शक्ति पृथक्कीकरणको सिद्धान्तअनुसार राज्यका अंगहरूले आफ्नो मर्यादा नाघ्नु हुँदैन। हालै सार्वजनिक वृत्तमा उजागर भएका ठूला भ्रष्टाचार प्रकरणहरूमा राज्यका उच्च तहका व्यक्तिहरूको संलग्नता र आरोपितहरूलाई संरक्षण गर्ने प्रयास राष्ट्रिय लज्जाको विषय बनेको छ।

भ्रष्टाचारको अनुसन्धान गर्नका लागि राजनीतिक सहमति खोज्दै लेनदेन गरी आफ्ना नजिककाहरूलाई जोगाउन शीर्ष नेताहरूको बैठक हुन थालेपछि नागरिक समाज सडकमा निस्कियो।

स्वस्फूर्त रूपमा सडकमा आएका नागरिकले ठूला भ्रष्टाचारमा संलग्नलाई कुनै पनि किसिमले राजनीतिक उन्मुक्ति दिनु हुँदैन भनेर निरन्तर खबरदारी गरे। यो राज्यका निकायहरूमा परेको राजनीतिक छायाको यस्तो उदाहरण हो जसले तमाम घटनालाई लिएर जनतालाई सडकमा निस्कन बाध्य बनायो र भविष्यमा पनि बनाइरहनेछ। यो भनेको न्यायमा पीडितको पहुँचको कानुनी प्रत्याभूति नहुनु हो।

न्याय प्राप्तिका बाटाहरू जटिल बन्दै जानु एवं दलित, सीमान्तकृत, महिला एवं पछाडि पारिएका वर्गको न्यायमा सहज

(बाँकी ३ पेजमा >>>

## संक्रमणकालीन...

पहुँच नहुनु भनेको विधिको शासन कमजोर हुनु हो। विस्तृत शान्ति सम्झौताले देशभित्रका संस्थाहरूको पुनःसंरचना गरिनुपर्छ भनेको थियो। देश संघीयतामा गएको छ तर नागरिकको न्याय प्राप्तिसँग सम्बन्धित निकायहरूको पुनःसंरचना अधुरो रहेको आभास हुन्छ।

विगत दुई दशकदेखि सक्रिय रहेको राष्ट्रिय मानवअधिकार आयोगले केही समय अगाडि मानवअधिकार उल्लंघनमा संलग्नहरूको परीक्षणका लागि सार्वजनिक गरेको २० वर्षे प्रतिवेदन कार्यान्वयनमा सरकारले देखाएको रवैयाले संस्थाहरूमा राजनीतिक छाया रहेको कुरा स्पष्ट पारिरहेको छ, जुन निराशाजनक हो।

संविधान जारीपश्चात् दोस्रो आम निर्वाचनबाट पुनः प्रधानमन्त्रीको पद सम्हाल्न पुगेका दाहालले केही महिनायता देखाएको सक्रियताले सत्य निरूपण तथा मेलमिलाप संशोधन विधेयक पास गराउन सहमति जुट्ने संकेत देखाएको थियो।

संसद्मा दर्ता भएको विधेयक छलफलका लागि संसदीय समितिमा पठाइयो। संसदीय समितिले त्यसलाई विषयगत समितिमा पठायो र त्यहाँ दफावार छलफलपश्चात् धेरै वटा विषयमा सहमति पनि जुट्यो।

तर आममाफीको विषय र गम्भीर मानवअधिकार उल्लंघन एवं अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनलगायतका विषयमा सहमति जुट्न सकेन।

त्यो स्वाभाविक पनि हो किनभने सम्मानित सर्वोच्च अदालतका फैसलाहरू र निर्देशनात्मक आदेशविपरीत गएर कानुन बनाउन सकिँदैन।

सत्य निरूपण तथा मेलमिलाप संशोधन विधेयक फिर्ता भएर पुनः संसद्मा पुग्यो र पारित नभएरै संसद् सत्रको अन्त्य भयो जुन पीडितका लागि ठूलो निराशाको विषय भयो।

बितेका १७ वर्षमा संक्रमणकालीन न्याय किन अड्कियो ? किन राजनीतिक दलहरूले इमानदारीका साथ शान्ति प्रक्रियाका अधुरा काम गर्न सकिरहेका छैनन् ?

यसबारे बिनाछलकपट समीक्षा गर्नुपर्ने हुन्छ। द्वन्द्वपीडितले न्याय पाउने विषयलाई अनन्तकालसम्म अल्झाएर राख्न सकिँदैन भन्ने वास्तविकतालाई गम्भीरतासाथ मनन गर्नुपर्ने बेला आएको छ।

*-अन्सारी राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य हुन् ।*-कान्तिपुर

## भूकम्पको क्षतिको विवरण संकलन गर्न...

नौ हजार सात सय ९४ घर पूर्णरूपमा ध्वस्त भएको विवरण थियो । यो विवरण फेरि सच्याएर पठाउन जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले निर्णय गरेको छ।

प्रभावित क्षेत्रका घरको अवस्था र सङ्घीय सरकारले बनाएको कार्यविधिमा केही सच्याउनुपर्ने सरोकारवालाको भनाइ छ ।प्रभावित क्षेत्रका आंशिक क्षति पुगेका घर पनि बस्न लायक छैनन्, आंशिकलाई पनि बस्न मिल्ने र नमिल्ले भनेर नीतिगत निर्णय हुनुपर्छ, अधिकृत शर्मा भन्नुहुन्छ, विशेष सर्वेक्षण गरी अन्तिम रिपोर्ट आउँदा सङ्ख्या बढ्न सक्ने देखिएको छ । कार्यविधिअनुसार काम गर्ने हो भने अस्थायी आवास निर्माण हुन अझै केही समय लाग्ने देखिएको छ । तर प्रभावित क्षेत्रका अधिकारीहरू भने यसलाई फास्टट्र्याकबाट अगाडि बढाई कष्टकर दैनिकी भोगिरहेका नागरिकलाई मुक्ति दिनुपर्ने बताउँछन् ।रुकुम पश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवाल कार्यविधि स्वीकृत भए पनि जिल्ला विपद्को खातामा अझै रकम आइ नसकेको बताउनुभयो । उहाँका अनुसार स्वीकृत भएको कार्यविधि आइतवारमात्रै जिल्लामा पठाइएको छ। पालिकाबाट क्षति भएको घरको विवरण आउन पनि बाँकी रहेको उहाँको भनाइ छ ।विवरण पालिकासँग माग भइरहेको छ, पालिकाबाट विवरण आएपछि र केन्द्रबाट खातामा बजेट आएपछि वितरण गरिने छ, उहाँ भन्नुभयो, पैसा खातामा आएपछि वितरण गर्न समस्या हुँदैन ।रुकुम पश्चिममा २६ हजार दुई सय ३१ घर क्षति भएको प्रारम्भिक विवरण थियो। बीचमा पुनः पराकम्पले समेत क्षति पुगेकाले त्यो सङ्ख्या अझै बढेर आउने र ३० हजारभन्दा बढी पुग्ने अनुमान गरिएको जनाइएको छ । मङ्सिर महिनाभित्र अस्थायी संरचना बनाइसक्नुपर्ने लक्ष्य लिइए पनि कार्यविधिअनुसार काम गर्दा त्यो लम्बिने बताइएको छ। प्रक्रिया लामो हुने हुँदा त्यसलाई संशोधन गरेर छोट्याउनुपर्ने माग प्रभावित क्षेत्रका जनप्रतिनिधिको छ। बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरी प्रभावित नागरिकलाई छुट्याएको ५० हजार रुपैयाँ चाँडो पाउनुपर्ने गरी कार्य अगाडि बढाइनुपर्ने बताउनुभयो। कार्यविधिअनुसार विवरण अद्यावधिक हुँदै गरेको र अबको केही दिनमा त्यो सकिने उहाँले बताउनुभयो।

कार्यविधिअनुसार अस्थायी आवासको काम यहाँ अगाडि बढाउँदै गर्ने, पैसा आउँदै गर्छु, उहाँले भन्नुभयो, त्यसअनुसार अघि बढ्नुपर्छ, नभए पैसाको बाटो पर्खेर कामलाई विलम्ब गरेर नागरिकलाई सधैँ त्रिपालमा राख्न सकिन्न। नागरिक प्रक्रिया के हो भन्ने जान्दैनन्, सिर्फ परिणाम चाहन्छन्, यस्तो परिस्थितिमा प्रक्रिया लम्बेतान गर्न हुन्थेन । दुई किस्ता भनेको छ, अनेक खालका प्रक्रियाले नागरिकमा असहजता सिर्जना गर्छन् ।

नलगाड नगरपालिकाका मेयर डम्बर रावतले पनि प्रक्रिया सकेसम्म छोटो बनाइ छिटो रकम उपलब्ध गराइनुपर्ने बताउनुभयो । राजनीतिक दलहरू पनि रकम चाँडो उपलब्ध गराइनुपर्नेमा जोड दिइरहेका छन् । दलहरूले अस्थायी आवास निर्माणका लागि प्रभावित क्षेत्रमा स्वयंसेवकसमेत खटाइसकेको अवस्था छ। कार्यविधि स्वीकृत भएर जिल्लामा पठाइसक्दा कर्णाली प्रदेश सरकारलाई भने त्यसको जानकारी नआएको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसी बताउनुभयो ।प्रदेश सरकारले यसअघि नै अस्थायी आवास निर्माणका लागि भनेर एक अर्ब रुपैयाँ बजेट छुट्याएको थियो। सङ्घीय सरकारले प्रदेशसँग समन्वय नगरेपछि उक्त रकम के गर्ने भन्नेबारे अन्योल छ ।काम गर्ने कुरामा सङ्घले प्रदेशलाई भूमिकाविहीन बनायो, अर्को कार्यविधिमा सरकारी संरचना निर्माण प्राथमिकता परेको देखिन्नु, मन्त्री जिसीले भन्नुभयो, हामीले छुट्याएको बजेट दोहोरो पर्ने भएपछि हामी 'ब्याक' हुन्छौँ। अस्थायी संरचना निर्माणको कामबाट ब्याक भएर त्यसलाई आयआर्जनको काममा व्यवस्थापन गर्छौं । कार्यविधिमा प्रदेशलाई 'अस्थायी आवास निर्माण प्रक्रियामा सङ्घीय सरकार, सङ्घीय निकाय र पालिकाको समन्वयमा अनुगमन गर्न सक्ने' भनेरमात्रै उल्लेख छ।

# नदी गहिरिँदा जोखिममा पुल



गुल्मी ५ मंशिर

कालीगण्डकी नदी गहिरिँदै गएपछि स्याङ्जाको मिर्मी र गुल्मी हर्मिचौर जोड्ने रेप्काको पक्की पुल जोखिममा परेको छ। सो पुल २०५२ सालमा निर्माण गरिएको हो। पुलको पिल्लरको तल्लो भाग देखिन थालेपछि यात्रु र सवारीचालक जोखिम महसुस गर्न थालेका छन्।

कालीगण्डकी जलविद्युत् परियोजना 'ए' निर्माणको क्रममा गुल्मीको हर्मिचौर र स्याङ्जाको मिर्मीलाई जोड्ने गरी कालीगण्डकी नदीको रेप्कामा इटालियन सरकारले निर्माण गरिदिएको पुल जोखिमपूर्ण बनेको एक दशक भइसकेको छ तथापि सो पुलको मर्मततर्फ कसैको ध्यान जान सकेको छैन।

# बस्नेत दाजुभाइ मृत फेला

दाङ ५ मंशिर

दाङमा एकै घरका दाजुभाइ मृत फेला परेका छन् । इलाका प्रहरी कार्यालय तुलसीपुरका अनुसार तुलसीपुर उपमहानगरपालिका-१६ डोक्रेना घर भइ तुलसीपुर उपमहानगरपालिका ६ गाइडहरमा



कोठा भाडामा बस्दै आएका ३४ वर्षीय पूर्णबहादुर बस्नेत र भाइ ३० वर्षीय टेकबहादुर बस्नेत मृत फेला परेका हुन्।

उनीहरु बस्ने घरमा घरबेटी बस्दैनथे। मृतक पूर्णबहादुर परिवारका साइला र टेकबहादुर कान्छा सन्तान रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक ठाकुरप्रशाद पोखरेलले बताउनुभयो।


कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्य :
चलानी नं. :

फोन न. ०७६५२०१४७
फ्याक्स न.९७७७६५२०६८४

मिति:२०८०|०८|०५

बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्णनगर नगरपालिकाको दशौ नगर सभा आ.व.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (बिशेष अनुदान ) तर्फ यस नगरपालिकाको लागि फुसको छाना विस्थापन कार्यको लागि मिति २०८०|०५|२० मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित Procurement of Jastapa, NS Black Pipe and other Assoceries सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | Contract Number (Contract Number KNM/NCB/GOODS-3/2080/081 (Procurement of Jastapa, NS Black Pipe and other Assoceries) | Hulas Steel Kathmandu Kathmandu Kathmandu phone:9851101937 | १,३६,०८,०७०/२ | |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत



कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर,-कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

पत्र सङ्ख्या: २०८०/८१
चलानी नम्बर :

फोन न. ०७६५२०१४७
फ्याक्स न.+९७७ ७६५२०६८४

मिति:२०८०|०८|०६

बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्नानगर नगरपालिकाको आ.व.२०८०/८१ को लागि ठेक्का द्वारा चरगहवा खोला मानपुर, बरईपुर क्षेत्रमा बालुवा उत्खनन तथा संकलन गर्न (Contract Number KNM/NCB/RBM-02/080/81) का लागि मिति २०८०/०७/१५ गते बुद्ध दर्पण राष्ट्र दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान(अन्तरिक आय) सम्बन्धि सूचना अनुसार रितपूर्वक मिति २०८०/०७/३० गते दिउसो १२:०० बजे सम्म पर्न आएका तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र बढी मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रप्रकाशन गरिएको छ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | आयोजनाको नाम | कबोल अंक(मु.अ.कर र अग्रिम आयकर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KNM/NCB/RBM-02/79/80 | Jagadamba drilling companyMaharajganj-05 Jagdambadrilling2077@gmail.com phone:9857056511 | Antarik Aay Chargahawa Khola sand collection thekka | २,२९,०००/- | |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत



पानी उमालेर पिउने गरौं
अनुरोधक :-
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरू समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :-
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

पशुपंक्षीहरूलाई दाना,पानी दिने भाँडा नियमित रूपमा सफा गरौं
अनुरोधक :-
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :-
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं
अनुरोधक :-
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

खानेपानीका मुहानहरू सफा राखौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सांस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

रूख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# १२ औं कपिलवस्तु डान्स आइडलको अडिसन




कपिलवस्तु ५ मंशिर

१४ औं कपिलवस्तु महोत्सव अन्तर्गत आयोजना हुने १२ औँ कपिलवस्तु डान्स आइडल अन्तर्गतको पहिलो अडीसन आज देखि सुरु भएको छ । १४ औं कपिलवस्तु महोत्सव कृषि पर्यटन तथा औद्योगिक प्रदर्शनी आयोजक बाणगंगा वेयलफेयर सोसाइटीको भवनमा आजदेखि डान्स आइडलको अडिसन सुरु भएको हो ।

सनमा कलाकारहरुले आ-आफ्ना नृत्य प्रस्तुत गरेका थिए । चारनम्बरको जितपुर बुद्ध रंगशालामा हुने महोत्सवको बिशेष प्रस्तुतिको रुपमा डान्स आइडल रहने आइडल संयोजक खड्क बहादुर क्षेत्रीले बताए ।,

१४ औं कपिलवस्तु महोत्सवसँगै डान्स आइडललाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने गरी आफूहरु व्यापक सक्रिय भएर महोत्सवका संयोजक राजकुमार खाँणले बताए । महोत्सवका निर्देशक बुद्धि बहादुर रोकाह दिनेशले महोत्सवसँगै डान्स आइडललाई विशेष र एतिहासिक बनाउने गरी वेयलफेयर र कपिलवस्तु वासीको पर्व महोत्वलाई सफल बनाउन सहयोग गर्न सबैमा अपिल गरे ।

१२ औं कपिलवस्तु डान्स आइडलको प्रमुख निर्णायक हरिशरण रिजालले डान्स आइडल सुनौलो अवसर भएको र राम्रो कलाकार राम्रो डान्सर बन्ने अवसर भएको बताए । रिजालले डान्स आइडलबाट कलाकारिता क्षेत्रको नयाँ बाटो खुल्ने र प्रतिष्पर्धीलाई म्युजिक भिडियोदेखि लिएर राष्ट्रिय तहमा समेत स्थान दिने बताए ।

आइडलमा प्रथम हुनेलाई १ लाख २१ हजार १ सय २१ रुपैयाँसँगै चादीको टोपी, द्वितीय हुनेलाई ७७ हजार ७ सय ७७, तृतीयलाई ५५ हजार ५ सय ५५ रुपैयाँ सान्तवनालाई समेत पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छाआइडलको दोस्रो अडिसन राउण्ड मंसिर ८ गते ११:०० बजे हुने आयोजकले जनाएका छन् ।

यस क्षेत्रको उद्योग, व्यापार, पर्यटन, भेषभूषा, कला, संस्कृति, ऐतिहासिक स्थल संरक्षण तथा प्रवर्द्धन गर्न कपिलस्तु महोत्सवले र कला संस्कृति प्रवर्द्धनमा कपिलवस्तु डान्स आइडलले विशेष योगदान गर्दै आएको छ ।

# अक्षय कोषबाट विद्यार्थीलाई छात्रवृत्ति




कपिलवस्तु ५ मंशिर

खेम-सावित्रा सम्मान लायन्स अक्षयकोषद्वारा सिद्धार्थ माध्यमिक विद्यालय बुङ्चि कपिलवस्तुका ११ जना विद्यार्थीहरुलाई छात्रवृत्ति सहित सम्मान गरिएको छ । आज मङ्गलवार लायन्स क्लब अफ कपिलवस्तु दिदिबहिनी समुहकी प्रथम उपाध्यक्ष भगवती देवी रेग्मी भुषालको जन्मदिनको अवसर पारेर विभिन्न विधामा उत्कृष्ट, जेहेन्दार १२ जना विद्यार्थीहरुलाई कापि, कलम र सम्मान पत्र सहित छात्रवृत्ति प्रदान गरिको हो ।मुख्य १ लाख ११ हजार १ सय ११ रुपैँया रहेको अक्षकोष बाट प्राप्त ब्यज बापतको १२ हजार रुपैँया बराबरको शैक्षिक सामाग्रि प्रदान गरिएको हो ।

कार्यक्रममा बाणगङ्गा नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष सञ्जु कुमार सारु मगरले पाश्चात्य संस्कृति मौलाइरहेको अवस्थामा जन्मदिनको अवसरमा गरिएको यस्तो कार्य उदाहरणीय रहेको बताउनु भयो । खेम-सावित्रा सम्मान लायन्स अक्षयकोषका अक्षयकोष दाता, लायन्स क्लब अफ कपिलवस्तुका पुर्व अध्यक्ष तथा रेडियो हर्टविट का सञ्चालक समिति अध्यक्ष धातानन्द भुसालले लायन्स क्लबमा रहेको सञ्चाय कोष बाट आएको ब्याज बाट विद्यार्थीहरुलाइ छात्रवृत्ति प्रदान गरिको बताउनु भएको छ ।

विद्यालयका प्रधानाध्यापक दल बहादुर थापा ले आफ्नै विद्यालयलाई रोजेर अक्षकोष बाट प्राप्त ब्याजको रकमलाई सदुपयोग गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभएको थियो ।

त्यस्तै लायन्स क्लब अफ कपिलवस्तु दिदिबहिनी समुहकी अध्यक्ष रितु अधिकारी खनालले विगतका वर्षहरुमा पनि यस्ता समाजिक कार्य गर्दै आइरहेको भन्दै यस्ता कार्यहरुलाइ आगामि दिनमा पनि निरन्तरता दिने बताउनु भयो ।

विद्यालयका सल्लाहकार तथा पुर्व प्रधानाध्यापक जनार्दन ज्ञवाली, लायन्स क्लब अफ कपिलवस्तुका पुर्व अध्यक्ष राम शुभाग्गे थारु, लायन्स क्लब अफ कपिलवस्तु दिदिबहिनी समुहकी निवर्तमान पुर्व अध्यक्ष सिता कडेल लगायतले बोल्दै विद्यार्थीहरुको लागि गरिने यस्ता कार्य निक्कै उत्कृष्ट र महत्त्वपूर्ण रहने भन्दै यस्ता कर्य सबै बाट हुनुपर्नेमा जोड दिनुभयो ।

रेडियो हर्ट विटका निवर्तमान अध्यक्ष कृष्ण प्रसा भट्टराई, लायन्स क्ल अप कपिलवस्तुका अध्यक्ष ओम प्रकास घिमिरे, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, विद्यार्थी लायन्स क्लब अफ कपिलवस्तु दिदीबहिनिका पदाधिकारी लगायतको उपस्थिती रहेको थियो ।जन्मदिन पर्ने कार्यक्रमकी संयोजक भगवती देवी रेग्मी भुसालको स्वागत तथा क्लबकी सचिव सरस्वती सोमैको सञ्चालनमा सम्पन्न भएको थियो ।

## अल्जाईमर्सका विरामीलाई सहयोग गरौं

- अल्जाईमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो ।
- वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ ।
- यो रोगको प्रारम्भमा विस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन ।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सने लक्षण देखिन सक्छ ।
- यस्ता विरामीलाई सहयोग गरौं, एक्लै नछोडौं र चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हवाइजहाज स्वरुपमा स्वागतद्वार



भैरहवा ५ मंशिर

उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्धन नारासहित भैरहवामा हुने छैठौ लुम्बिनी प्रादेशिक महोत्सव २०८० को तयारी पूरा भएको छ ।

उद्योग व्यापार संगठन रुपन्देहीको आयोजनामा भैरहवाको अञ्चलपुरमा मंसिर ६ देखि १८ गतेसम्म हुने महोत्सवको तयारी पूरा भएको हो ।

मंगलबार पत्रकार सम्मेलन गरी संगठनका अध्यक्ष दर्पण श्रेष्ठले महोत्सवको ९५ प्रतिशत काम पूरा भएको बताउनुभयो ।

महोत्सवको आकर्षणको रुपमा मुख्यद्वारलाई हवाइजहाजको स्वरुपमा निर्माण गरिएको छ । उहाँले लुम्बिनीको आर्थिक विकासको आधार पर्यटन मान्दै सरकारबाट निर्माण भएको अरबौ रुपियाँ लगानीमा विमानस्थल तयार भएर चल्न नसकेको, होटल ब्यवसायहरु धरासायी भएका बेला सरकारलाई दबाब दिनेगरी विमानको आकृति र स्थलका रुपमा महोत्सवस्थल बनाएर विरोध देखाउन खोजिएको बताउनुभयो ।

स्थानीय उत्पादनको प्रवर्धन गर्ने, सिमाक्षेत्रमा मेलाबाट स्वदेशी उत्पादनलाई प्रचारप्रसार गर्ने उद्देश्य समेत मेलाले लिएको छ । मेला उदघाटनअघि बुधबार विहान जनचेतनामुलक र्‍याली निकालिने छ । यसैगरी अनुगमन समिति गठन गरेर मेलामा राखिने स्टलको गुणस्तरप्रति सचेत गराइने छ । कार्यक्रममा संगठनका सल्लाहकार तथा सांस्कृतिक संयोजक नारायण भण्डारीले मेला महोत्सवलाई ठेक्का दिने प्रवृत्ति रोक्न जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा संगठनका महासचिव लक्ष्मी अधिकारीले तीन लाख दर्शकहरुले अवलोकन गर्ने महोत्सवमा २५ करोड रुपियाँको कारोबार हुने आयोजकको लक्ष्य छ ।

करिब एक करोड २० लाख खर्च हुने अनुमान रहेको महोत्सवमा ३५० स्टलहरु रहनेछन् ।

कार्यक्रमको उदघाटन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालबाट हुनेछ ।

# सत्यवती मेलामा : चिच्याउँदै वर माग्दै



पाल्पा ५ मंशिर

पाल्पाको सत्यवतीमा चिच्याएर वर माग्ने मेला मङ्सिर ७ गतेदेखि लाग्ने भएको छ ।

मेला मङ्सिर ११ गतेसम्म सञ्चालन हुने छ ।तिनाउ गाउँपालिका-४, सत्यवतीमा हरेक वर्ष चिच्याएर वर माग्ने मेला लाग्ने गर्दछ ।

यो वर्ष मेला पाँच दिनसम्म सञ्चालन हुने समितिका अध्यक्ष दानबहादुर गाहाले जानकारी दिनुभयो ।

परम्परादेखि नै यहाँ चिच्याएर वर माग्ने अनौठो मेला लाग्दै आएको छ ।

परापूर्वकालमा सत्यवती बज्यै घनाजङ्गलको बिचमा आई तपस्या गरेपछि शक्ति प्राप्त गरेको किंवदन्तीमा उल्लेख छ ।

सत्यवती बज्यै कानले नसुन्ने बहिरी भएकाले भक्तजनले सत्यवती ताल नजिकै पुगेर चिच्याएर मनमा चिताएको वर मागेमा बज्यैले पूरा गरिदिने जनविश्वास रहेको छ । वडाध्यक्ष तुलबहादुर आलेका अनुसार यही विश्वासका कारण हरेक वर्ष तिहारपछिको पूर्णिमाको मेलामा हजारौं भक्तजन वर माग्न सहभागी हुने गरेका छन् ।

पछिल्लो समय भक्तजनबाटै प्रभावकारी प्रचारप्रसार भएका कारण भक्तजन थपिने क्रम बढेको बताइन्छ । वर माग्ने भक्तजनले बाँस, निगालो, साल आदि जातका लिङ्गो लिएर रातिको समयमा तालमा गाड्ने र आफूले गाडेको लिङ्गो भोलिपल्ट चिनेर त्यही पूजा गरेपछि घरमा फर्कने परम्परा रहेको छ ।




शुभारम्भ अटुट निर्माणको ...
अत्याधुनिक प्रविधिबाट निर्मित उच्च गुणस्तरको SBI ईंट्टा सधैं प्रयोग गरौं
उत्पादक :
समृद्धि ईंट्टा उद्योग प्रा. लि.
सम्पर्क : ९८५७०५०७६०, ९८५७०५०१७०, ९८५७०५०१८५

कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही